# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### स्थानीय उद्यमशीलताको विकासमा जोड

(गभर्नर डा.खतिवडाद्वारा लेखनाथ महोत्सवको समापन समारोहलाई सम्बोधन))

गभर्नर डा. युवराज खतिवडाले माघ २६ गतेदेखि फागुन ८ गतेसम्म आयोजित लेखनाथ महोत्सवको समापन समारोहको प्रमुख आतिथ्य ग्रहण गर्नुभयो । सो क्रममा मन्तव्य राख्नुहुँदै गभर्नर खतिवडाले यस प्रकारका महोत्सवले स्थानीय उत्पादनलाई उपभोक्ताहरुको माझमा ल्याई उत्पादक र उपभोक्तालाई एकै थलोमा जुटाउने र सम्बन्ध स्थापित गराउने बताउनुभयो ।




महोत्सवले उत्पादकहरुको उद्यमशीलताको विकास गर्न मद्दत पुऱ्याउँदै देशलाई आर्थिक समृद्धिको मार्गमा लैजाने बताउनु हुँदै यस क्रममा स्थानीय कृषि उपजहरुलाई सोझै उपभोक्ता माँझ पुऱ्याई समग्र उत्पादन, आय तथा रोजगार अभिवृद्धिका लागि समेत यस प्रकारको महोत्सव आवश्यक रहेको उहाँको धारणा रहेको थियो ।

अहिले देशको सम्पूर्ण ध्यान उत्पादन वृद्धिमा केन्द्रित हुनु पर्ने धारणा राख्दै गभर्नर खतिवडाले स्थानीय उद्यमशीलताको विकास गरी कृषि, फलफूल, पशु, डेरी, मत्स्य आदि क्षेत्रको उत्पादन वृद्धि गर्दै यसका माध्यमबाट उपभोगका साथसाथै उत्पादन वृद्धि भई देशको आर्थिक विकासमा योगदान पुग्ने स्पष्ट पार्नु भएको थियो । नेपाल राष्ट्र बैंकबाट कृषिजन्य उद्योग एवम् साना तथा मझौला व्यवसायीहरुलाई प्रोत्साहन गर्ने गरी लगानी बढाउन बैंक तथा वित्तीय संस्थाहरुलाई आग्रह गरिएको स्मरण गराउनु हुँदै गभर्नर खतिवडाले कृषकहरुले पनि पशु तथा बाली बीमा गरी आफ्नो व्यवसायको जोखिम न्यूनीकरण गर्नु पर्ने बताउनुभयो । यसका लागि बैंक तथा वित्तीय संस्थाहरुले पनि धितोमुखी लगानीको सट्टा परियोजनामुखी लगानी बढाउनु पर्ने र कर्जाको व्याजदर प्रतिस्पर्धी बनाउने तर्फ पनि पहल गर्न आग्रह गर्नुभयो ।

नेपालबाट मध्यमवर्गका मानिसहरु ठूलो मात्रामा पर्यटकको रुपमा विदेश गइरहेको सन्दर्भमा पोखरा उपत्यकालाई समग्र रुपमा आन्तरिक पर्यटकको गन्तव्यका रुपमा स्थापित गराउन आवश्यक पहल गर्न उहाँले आग्रह गर्नुभयो । पोखरामा धेरै बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति रहेकोमा तिनले साना व्यवसायीहरुलाई व्यावसायिक सल्लाह/सुझाव/तालिम आदि उपलब्ध गराई उद्यमशीलताको विकास गरी कृषि, पर्यटन तथा यस क्षेत्रको जलस्रोतको विकासमा जोड दिनु पर्ने उहाँको भनाई थियो । यसर्थ पनि वित्तीय संस्थाहरुले तत्कालको मुनाफा नहेरी दीर्घकालीन रुपमा समग्र व्यवसायीहरुको उत्पादन बढाउने तर्फ सोच्नु जरुरी छ' उहाँले भन्नुभयो ।



गभर्नर खतिवडाले लघुवित्त प्रदायकहरूले पनि वातावरणीय पक्षमा समेत ध्यान दिई प्लाष्टिकजन्य पदार्थ प्रयोग नगर्ने लघुउद्यमीलाई लघुकर्जा प्रदान गर्न प्राथमिकता दिने, सरसफाइका प्रवर्द्धनका लागि शौचालय बनाएपछि मात्र लघु उद्यम कर्जा प्रदान गर्ने जस्ता कार्यले कास्कीको "खुला दिसा मुक्त क्षेत्र" अभियान सार्थक हुन सक्ने बताउनु भयो ।

मिति २०६९।११।१०

गभर्नरको कार्यालय